लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited

# डिजिटल बैंकिङ्ग सुविधाको दर्खास्त फारम
# Digital Banking Services Application Form

**बैंक प्रयोजनको लागी मात्र**
For Bank Use Only

| ग्राहकको परिचय नं. Customer ID | |
|---|---|

मिति Date: / /

## व्यक्तिगत विवरण
## Personal Details

म/हामी निम्न विवरण अनुसारको इलेक्ट्रोनिक बैंकिङ्ग सुविधा प्रयोग गर्न दर्खास्त गर्दछु:
I/We hereby request you to kindly service the electronic banking facilities as per the following details:

| | |
|---|---|
| प्राथमिक खाता नं. Primary Account No. | |
| खातामा रहेको नाम Name as on the Account | श्रीमान्/श्रीमती/सुश्री Mr./Mrs./Ms. |

## निवेदित सुविधा विवरण
## Requested Service Details

- ☐ Internet Banking
- ☐ Mobile Money
- ☐ SMS Alert
- ☐ Debit Card Alert
- ☐ eMail Solutions
- ☐ Email Indemnity
- ☐ Fax Indemnity

| | | | |
|---|---|---|---|
| मोबाइल नं. Mobile No.* | | इमेल खाता EMail Account * | |

| | |
|---|---|
| फ्याक्स नं. Fax No. | |
| प्राथमिक खाता नं. Primary Account * | 1 |
| अन्य खाताहरू Other Accounts | 2 |
| *For SMS and Email Alerts* | 3 |
| | 4 |

*I/We will abide by the Terms and Condition Overleaf.* । *पछिल्लो पानाको शर्तहरु म/हामीलाई स्वीकार छ ।*
*I/We also authorize the bank to debit my account with relevant subscription and renewal fees for the services being subscribed.*
*म/हामीले दर्खास्त दिए बमोजिमका सेवा दस्तुरहरु मे/हाम्रो खाताबाट काटेर असुलउपर गर्न यस बैंकलाई अख्तियारी प्रदान गर्दछु/छौं ।*

(Authorized Signature)
(आधिकारिक दस्तखत)

(Authorized Signature)
(आधिकारिक दस्तखत)

## Terms And Conditions For Internet Banking - Laxmi Online

### लक्ष्मी अनलाइन-ईन्टरनेट बैंकिग सम्बन्धी पालना गर्नुपर्ने शर्त र अवस्थाहरुः

Laxmi Bank Limited ('the Bank') shall provide subject to Terms and Conditions set out herein, online services / facilities ('Services') through Bank's website – www.laxmibankltd.com to enable Customers to communicate with the Bank and carry out following transactions:

लक्ष्मी बैंक लिमिटेड (अब उपरान्त बैंक) ले ग्राहकहरुलाई निम्न उल्लेखित शर्त र अवस्थाहरुमा अनलाइन सेवा र सुविधाहरु (अब उपरान्त सेवाहरु) बैंकको वेबसाइट www.laxmibank.com मार्फत उपलब्ध गराउनेछ । उक्त वेबसाइट मार्फत बैंकसाग सम्पर्क गर्नुका साथै निम्न कारोवार गर्न सकिनेछ :

1. Individual Account: Account Summary, Account Details, Account Activity, Uncleared Fund, Fund Management, Statement Request, Stop Cheque, Cheque Status Inquiry, Cheque Book Request Fx Rate inquiry, Email, Bulletins, Session Summary Report.

   व्यक्तिगत खाता : खाताको संक्षिप्त जानकारी, खाताको विवरण, खाताको सक्रियता, वेरुजु रहेको रकम, रकम व्यवस्थापन, खाता विवरण, चेक रोक्का, चेक सम्वन्धी सोधपुछ, चेकबुक अनुरोध, ईमेल, बुलेटिन, विदेशी विनिमय दर, प्रत्येक पटक अनलाईन सेवा प्रयोग गरेको संक्षिप्त विवरण ।

2. Company Account: Account Summary, Account Details, Account Activities, Letter of Credit, Bank Guarantee, Transfer of Fund, Statement Request, Stop Cheque, Cheque Status Inquiry, Cheque Book Request Fx Rate inquiry, Email, Bulletins, Session Summary Report.

   कम्पनी खाता : खाताको संक्षिप्त जानकारी, खाताको विवरण, खाताको सक्रियता, वेरुजु रहेको रकम, रकम व्यवस्थापन, खाता विवरण, चेक रोक्का, चेक सम्वन्धी सोधपुछ, चेकबुक अनुरोध, प्रतित पत्र, बैंक ग्यारेन्टी, ईमेल, बुलेटिन, विदेशी विनिमय दर, प्रत्येक पटक अनलाईन सेवा प्रयोग गरेको संक्षिप्त विवरण ।

3. The Bank reserves the right to determine and change from time to time the scope, timing and type of the Services to be made available.

   बैंकले उपलब्ध गराउने सेवाहरुको कार्यक्षेत्र, समय र प्रकार आदिको निर्धारण र परिवर्तन गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

4. The User must be a customer of the Bank and maintain an account at a branch of the Bank.

   बैंकको अनलाइन सेवा बैंकका ग्राहकले मात्र प्रयोग गर्न पाउनेछन् र यस बैंकको कुनै एक शाखामा खाता संचालन गरेको हुनुपर्नेछ ।

5. By registering to use the Services, the Customer warrants that all information provided by the Customer to the Bank in relation to the Services is true, complete, relevant and up-to-date.

   अनलाईन सेवाको प्रयोगकर्ताको रुपमा ग्राहकले आफुलाई दर्ता गरिसके पश्चात आफु सम्वन्धि सत्य, पूर्ण सान्दर्भिक र वर्तमान विवरण दिनुपर्नेछ ।

6. The Services are for the sole and exclusive use by the Customer authorized to do so by the bank.

   बैंकले स्विकृति दिए बमोजिम ग्राहकहरुले यी सेवाहरुलाई नितान्त रुपमा आफु स्वयंले मात्र प्रयोग गनुपर्नेछ ।

7. The Customer shall not use or knowingly allow any other person to use the Services, the information and/or the reports contained in the Internet Site for and/or in connection with any illegal purpose or activity. The Customer shall notify the Bank immediately if s/he becomes aware of such use. Bank will not be liable for any of the transactions allegedly performed by a third party.

   सेवालाई जानिबुझीसके पश्चात, ग्राहकले अन्य कुनै व्यक्तिलाई आफूले प्राप्त गरेका सेवा, बैंकको वेबसाईटमा राखिएको सूचना र प्रतिवेदनहरुलाई कुनै गैरकानुनी उद्देश्य वा कार्यमा प्रयोग गरेको वा प्रयोग गर्न दिएको हुनु हुदैन । यदि, यस्ता सेवाको गलत प्रयोग भएको जानकारी ग्राहकलाई भएमा बैंकलाई तत्काल जानकारी दिइएको हुनु पर्दछ , अन्यथा कथित तेस्रो पक्ष द्वारा गरिएका कुनै पनि यस्ता कारोवारहरुको लागी बैंकले जिम्मेवारी लिने छैन ।

8. Any exchange rate, interest rate, dealing rate and other prices and information quoted by the Bank on the Internet Site or otherwise in response to an online inquiry is for reference only and is not binding.

   बैंकका वेबसाईट वा अनलाईन सोधपूछको दौरानमा विनिमय दर, निक्षेप दर, कारोवार दर र अन्य दरहरु सम्बन्धी प्राप्त जानकरी हरु साधारण जानकारीको लागि मात्र हुने गर्दछ र तसर्थ यस्ता जानकारी अन्तिम र बाध्यकारी हुनेछैन ।

9. The Customer acknowledges that there may be a time lag in transmission of instructions, information or communication via the Internet for which the bank shall not be held liable.

   ईन्टरनेट मार्फत ग्राहकलाई दिइने निर्देशन, सुचना र सम्पर्क सम्बन्धी सम्भावित समय ग्राहक द्वारा स्वीकार गरिएको छ र यसो भएको खण्डमा बैंकलाई जिम्मेवार ठहराइने छैन ।

10. The Customer shall follow the guidance provided by the Bank online in designating the user identification code (the 'User Name') and the password (the 'Password') for identifying the Customer for the purposes of the Services.

    अनलाईन सेवा प्रयोग गर्ने ग्राहकको पहिचान गर्नको लागि बैंकद्वारा ग्राहकलाई दिइएको रकभच क्षभलतषष्अबतष्यल ऋयमभ (यस उपरान्त युजर नेम) र एबककधयचम (यस उपरान्त पासवर्ड) सम्वन्धी बैंकले दिएको निर्देशन अनुरुप ग्राहकले उक्त सेवाको प्रयोग गरेको हुनुपर्दछ ।

11. The Customer may change the Password at any time. The User Name however, cannot be changed by the Customer.

    ग्राहकले आफ्नो पासवर्डलाई कुनै पनि समयमा परिवर्तन गर्न सक्नेछन् । ग्राहकको युजर नेम भने परिवर्तन गर्न सकिनेछैन ।

12. Customer must keep user name and related password confidential. At no time and under no circumstances shall the Customer disclose the User Name and/or the Password to any other person.

    ग्राहकले आफ्नो युजर नेम र पासवर्डलाई गोप्य राख्नुपर्दछ । ग्राहकले कुनै पनि परिसस्थिति वा समयमा आफ्नो युजर नेम र पासवर्डको जानकारी अन्य व्यक्तिलाई दिनुहुदैन ।

13. The Customer shall be fully responsible for any accidental / negligent and/or unauthorized disclosure of the User Name and/or the Password to any other person and shall bear the risks of the User Name and/or the Password being used by unauthorized persons or for unauthorized purposes or transactions.

    कुनै पनि किससिमको लापरवाहि वा अनाधिकृत रुपमा ग्राहकले आफ्नो युजर नेम वा पासवर्डलाई अन्य व्यक्तिलाई बताए पश्चात त्यस्ता अनाधिकृत व्यक्तिहरुद्वारा अनाधिकृत उद्देश्यको लागि वा कारोवारहरुको लागि प्रयोग हुन सक्ने संभावित जोखिमताको पूर्ण जिम्मेवारी ग्राहकको हुनेछ ।

14. The Customer is required to quote the User Name and the Password in order to log-on to the Services and give instructions to the Bank online. Instructions in connection with the Services must be given in the manner that is acceptable to the Bank. Instruction shall not be executed if given in the manner not acceptable to the Bank and Bank shall not be held liable for the consequences arising out of non-execution of such instruction.

    अनलाईन सेवा प्रयोग गर्न र बैंकलाई अनलाईन निर्देशन दिनका लागि ग्राहकले आफ्ने युजर नेम र पासवर्डलाई प्रयोग गरेको हुनुपर्दछ । ग्राहक द्वारा दिइने सेवा सम्बन्धी निर्देशनहरु बैंकलाई स्वीकार्य हुने प्रकारका हुनुपर्दछ । बैंकलाई अस्विकार्य हुने प्रकारका निर्देशनहरुलाई कार्यान्वयन नगरेको अवस्थाले गर्दा सिर्जना हुन सक्ने कुनै पनि परिणामहरुको लागि बैंक जिम्मेवार हुनेछैन ।

15. Any instruction given in connection with the Services by the Customer, may not be rescinded or withdrawn. All such instructions given, as understood and acted on by the Bank in good faith, shall be irrevocable and binding on the Customer whether given by the Customer or by any other person using the related user name and password. The Bank shall be under no duty to verify the identity or authority of the person giving any such instruction or the authenticity of such instruction apart from verifying the User Name and the Password of the Customer.

    ग्राहकले सेवा सम्बन्धी दिएका कुनै पनि निर्देशनलाई खारेज गर्न वा फिर्ता लिन सकिने छैन । ग्राहकको User Name र Password प्रयोग गरेर ग्राहकले वा अन्य व्यक्ति द्वारा बैंकलाई दिइएको यस्ता सबै निर्देशनहरुलाई बैंकले स्वीकार गरी सकारात्मक धारणाका साथ गरेको कुनै पनि कार्यहरुलाई परिवर्तन गर्न मिल्दैन र यस्ता कार्यहरु ग्राहकको हकमा बाध्यकारी हुन्छ । User Namer र Password प्रगोग गरि यस्ता निर्देशन दिने व्यक्तिको पहिचान वा अधिकारलाई बैंकले प्रमाणित गर्नुपर्दैन । बैंकले ग्राहकको User Namer र Password लाई मात्र प्रमाणिकरण गर्दछ ।

16. The Bank will only act on an instruction in so far as it is in the Bank's opinion practicable and reasonable to do so and in accordance with its regular business practices and procedures.

    बैंकको बिचारमा यस्ता निर्देशनहरु व्यवहारमा कार्यान्वयन हुने गरेको र यसो गर्न मिल्ने तथा यस्ता निर्देशनहरु बैंकका नियमित कारोवार सम्बन्धी अभ्यास र प्रक्रियाहरु सम्मत भएको अवस्थामा मात्र बैंकले आफूलाई दिइएको निर्देशनलाई कार्यान्वयन गर्नेछ ।

17. Advice or confirmation that an instruction has been received and/or a transaction has been effected through the Services will be provided by the Bank online. Such advice or confirmation shall be deemed to have been received by the Customer immediately after transmission and it is the duty of the Customer to check such advice or confirmation. It is also the duty of the Customer to enquire with the Bank if the Customer does not receive an advice or confirmation within the time usually required for a similar advice or confirmation to be received.

    बैंकले अनलाईन मार्फत ग्राहकको निर्देशन र कारोवार सम्बन्धी प्राप्त गरेको निर्देशन र कार्यान्वयन गरेको सुझाव वा सुचनालाई उपलब्ध गराउने छ । बैंकले निर्देशनको कार्यान्वयन गर्ने बित्तिकै ग्राहकले यस्ता सूचना वा सुझाव तत्काल प्राप्त गर्नेछन् भन्ने बुझिन्छ र यस सम्बन्धी प्राप्त सूचना वा सुझाव प्राप्त भए नभएको बुझ्ने जिम्मेवारी ग्राहकको हुनेछ । यदि यस्ता सूचना वा सुझाव प्राप्त हुनुपर्ने निर्धारित समय भित्र प्राप्त नभएमा ग्राहकले बैंक संग सर्म्पक गरी सोधपूछ गर्ने जिम्मेवारी ग्राहकको हुनेछ ।

18. Information relating to any account or transaction made available on the Internet Site are for reference only. The Bank's records of such account and transaction shall be conclusive unless and until the contrary is established.

    कुने पनि खाता वा कारोवार सम्बन्धी इन्टरनेट साइटमा राखिएको सूचना सामान्य जानकारीको लागि मात्र हुनेछ । केहि अन्य प्रमाणित भएको अवस्था नहुदा सम्म यस्ता खाता र कारोवार सम्बन्धी बैंकको अभिलेख नै आधिकारिक हुनेछ ।

19. The Bank shall not be liable for any computer/cyber crimes such as hacking etc. and shall not be liable for any unauthorized transactions and/or any transactions carried out by using illegal and fraudulent methods and shall be guided by the terms of Electronic Transaction Act 2063.

    ह्याकिंग (Hacking) जस्ता कम्पुटर र साइबर (computer / cyber) अपराध सम्बन्धी कुनै पनि अपराध, तथा कुनै पनि अनाधिकृत कारोबारहरु र गैरकानूनी र ठगी तरिका प्रयोग गरि गरिएका कारोबारहरुको लागि (विधुतीय कारोबार ऐन २०६३ अनुसार) बैंक जिम्मेवार हुने छैन ।

20. The Bank reserves the right to charge fees in relation to the use and/or termination of the Services and to revise such fees at any time with or without notice to the customer. The Bank shall determine and notify the Customer of the rate of any fee from time to time, which shall be binding on the Customer. Fees shall be collected from the Customer in such manner and at such intervals as the Bank may specify. In addition to the Fees, the bank may prescribe minimum balances to be maintained in accounts for availing the Internet Banking facilities.

सेवा शुल्क लिने र सो सेवालाई बन्द गर्ने अधिकारका साथसाथै यस्ता शुल्कहरुलाई पुन:विचार गर्दा ग्राहकलाई पूर्व सुचना दिने/नदिने अधिकार बैंक संग निहित रहनेछ र यस्ता कुनै पनि शुल्क (दरको) निर्धारण बैंकले गर्नेछ र सोहि अनुरुप ग्राहकलाई जानकारी दिइनेछ, र यो दर ग्राहकको लागि बाध्यताकारी हुनेछ । बैंकले निर्धारण गरेको तोकिएको समय अवधि अनुरुप ग्राहकहरुबाट यस्ता शुल्कहरु संकलन गरिनेछ । शुल्कहरुका साथसाथै, बैंकले ईन्टरनेट बैंकिंग सुविधाहरु प्रयोग गर्ने खाताको न्यूनतम मौज्दात निर्धारण गर्ने सक्नेछ ।

21. The Customer shall provide such information as the Bank may from time to time reasonably request for the purposes of providing the Services.

बैंकद्वारा सेवा उपलब्ध गराउने उद्देश्यको परिपूर्तिको लागि बैंकका ग्राहकहरुले आफू सम्बन्धी सूचनाहरु बैंकलाई उपलब्ध गराउनु पर्दछ ।

22. The Bank is automatically authorized to share the information with any other person/entity, including its third party agents as and when necessary according to existing law.

विद्यमान प्रचलित कानून अनुरुप आवश्यक परिस्थितिहरुमा बैंकको तेस्रो पक्षिय एजेन्ट सहित अन्य कुनै व्यक्ति र संस्था, निकायलाई बैंकले ग्राहक सम्बन्धी जानकारी स्वत: उपलब्ध गराउनेछ ।

23. The Customer shall not, and shall not attempt to decompile, reverse-engineer, translate, convert, adapt, alter, modify, enhance, add to, delete or in any way tamper with, or gain access to, any part of the Services or any Internet Site or any software comprised in them.

ग्राहकले सेवाका कुनै पनि पक्ष वा ईन्टरनेट साइट वा सफ्टवेयरका कुनै पनि विषयलाई हटाउने, नष्ट पार्ने, परिवर्तन/सुधार/फेरबदल/थपघट गर्ने, स्वरुप फेर्ने, अनाधिकृत रुपमा प्रयोग गर्ने र दुष्कार्यहरु/दुस्प्रयासहरु गरेको हुनुहुदैन । यस्ता कार्यभित्र प्राविधिक र गैर प्राविधिक दुष्कार्यहरु / दुस्प्रयासहरु पर्दछन् ।

24. The Customer acknowledges and agrees that the Information, the Reports and their form, format, mode or method of compilation, selection, configuration, presentation and expression are the intellectual property rights (copyright, trademark, patent, design, creation, invention etc.), trade secrets, confidential / proprietary property of the Bank and the respective Information Providers. Unless expressly permitted by these Terms and Conditions, the Customer shall not, and shall not attempt to:

ग्राहकले बैंकलाई उपलब्ध गराएका जानकारी, प्रतिवेदन र यसलाई तयार गर्न संकलन, चयन, पहिचान, प्रस्तुति र व्यक्त गर्न प्रयोग गरिएका स्वरुप, ढाचा र विधि बैंक र बैंकका जानकारी प्रदायकहरुको बौद्धिक सम्पति अधिकार (copyright, trademark, patent, design, creation, invention) आदि व्यापारिक गोपनियता (trade secrets), proprietary सम्पति हुन् भन्ने विषयलाई ग्राहकले स्वीकार गर्दछ । यी शर्तहरुले सुस्पष्ट शब्दमा स्वीकृति नदिएसम्म, ग्राहकले निम्न लिखित कार्यहरु गरेको वा गर्ने प्रयास गर्नुहुन्न :

i. Sell, transfer, disclose, assign, convey, lease, sub-license, share, loan, distribute, transmit, broadcast, cablecast, put in circulation, download, reproduce, duplicate or otherwise provide or disseminate any Confidential Information in any form or by any means to any other person or commercially exploit any Confidential Information;

   गोप्य सूचनालाई कुनै पनि रुपमा अन्य कुनै व्यक्तिलाई बेच्ने, हस्तान्तरण गर्ने, जानकारी दिने, जिम्मेवारी दिने, बताउन लगाउने, भाडामा दिने, सह अनुमतिपत्र दिने, हकवाला बनाउने, कर्जामा दिने, वितरण गर्ने, प्रसारण गर्ने, डाउनलोड गर्ने, नक्कल बनाउने, आदि, गरेको वा गर्ने प्रयास गरेको हुनुहुदैन । यसको साथसाथै यस्ता गोप्य सूचनाको व्यापारिक दुरुप्रयोग गरेको वा दुरुप्रयोग गर्ने प्रयास गरेको हुनुहुदैन ।

ii. Remove, obliterate, erase, relocate or modify in any way any proprietary marking on or appearing including, without limitation, any trademark or copyright notice; or

   कुने पनि trademark वा copyright का सूचनाहरुमा प्रयोग गर्दा वा सम्मिलित गराउदा, बैंकको proprietary चिन्हहरु लाई निर्वाध रुपमा हटाउने, बिगार्ने, मेटाउने वा परिवर्तन गर्ने जस्ता कार्यहरु गरेको वा गर्ने प्रयास गरेको हुनुहुदैन वा

iii. Incorporate or combine the above with any other programs.

   माथि उल्लिखित कार्यहरुलाई अन्य कुनै पनि क्रियाकलाप वा कार्यक्रमहरुमा प्रयोग गर्ने वा सम्मिलित गराउने वा गराउने प्रयास गरेको हुनुहुदैन ।

25. The Customer agrees that all right, title and interest in and relating to the above and any and all related copyright, patent, trademark, service mark, proprietary property, trade secrets and exclusive works are and shall remain the exclusive property of the Bank and the respective Information Providers. No right, title or interest other than the right to access the Information and the Reports subject to these Terms and Conditions is conveyed or transferred to the Customer. The Customer shall not make any representation or do any act, which may be taken to indicate that the Customer has any such right, title or interest.

माथि उल्लिखित सबैमा, ति मध्ये कुनै एक वा सबै सम्बन्धीत कपिराइट, पेटेन्ट, ट्रेडमार्क, सर्विस मार्क, प्रोप्राइटेरी सम्पत्ति, व्यापारिक गोपनियता र एकलौटी कार्यहरुमा बैंक र सम्बन्धीत सूचना प्रदायकहरुको एकाधिकार हुन् र ति सम्बन्धीत सबै अधिकार, हक र दरमा बैंकको एकाधिकार रहनेछ भन्नेमा विषय संग ग्राहकले सहमति जनाउदछ । यी शर्त र अवस्थाहरु संग सम्बन्धीत प्रतिवेदन सिवाय अन्य कुनै पनि अधिकार, हक वा चासोलाई सूचनाको हक सम्बन्धीत परिस्थितिमा बाहेकका अन्य अवस्थामा ग्राहकलाई केही बताइने वा हस्तान्तरण गराइने छैन । ग्राहकले आफूसंग सो सरहको अधिकार, हक वा इच्छा भएको भाव दर्शाउने कुनै पनि प्रकारको प्रतिनिधित्व वा कार्य गरेको हुनुहुदैन ।

26. The Information will be made available as it is supplied and will usually identify the Information Provider supplying it to the Bank. The Bank does not endorse or express any comment on any Information supplied by any Information Provider nor assume any duty to check or verify any Information. The Bank does not accept responsibility for the legality, validity, completeness, effectiveness, adequacy or enforceability of the data therein.

सूचना दिए अनुरुप सूचनालाई उपलब्ध गराइनेछ र प्राय: गरेर बैंकलाई सूचना दिने सूचना प्रदायकको पहिचान गरिएको हुन्छ । सूचना प्रदायकहरुले यस्ता सूचनामाथि बैंकले सहमति जनाउने वा टिप्पणी गर्ने कार्य गर्दैन र बैंकले यस्ता कुनै पनि सूचनाको परिक्षण वा प्रमाणिकरण गर्ने जिम्मेवारी लिनेछैन । बैंकले यस्ता कुनै प्रकारका डाटाको वैधानिकता, विश्वसनियता, पूर्णता, प्रभावकारिता वा कार्यान्वयन सम्बन्धी कुनै पनि प्रकारको जिम्मेवारी लिनेछैन ।

27. The Bank will take reasonably practicable steps to ensure that its systems in connection with the Services are installed with adequate security designs and to control and manage the risks in operating the systems. None of the Bank or any Information Provider warrants or represents that the Services, the Information are free from virus or other destructive features which may adversely affect the Customer's hardware, software or equipment. In no event shall the Bank or any Information Provider be liable to the Customer or any other person for any incidental, indirect, special, consequential or exemplary damages including, without limitation, any loss of use, revenue, profits or savings.

सेवा सम्बन्धीत व्यवस्थाहरुलाई प्रयोगमा ल्याएको सुनिश्चितता गर्न बैंकले उचित व्यवहारिक कदमहरु चाल्नेछ । सो कार्य गर्दा, बैंकले यस्ता व्यवस्थाहरुसंग जोडिएका जोखिमको नियन्त्रण र व्यवस्थापन गर्न सक्ने उचित सुरक्षा प्रणालीलाई प्रयोग गर्ने सुनिश्चितता गर्नेछ । यस्ता सेवा वा सुचनाहरु ग्राहकको hardware, software वा उपकरण/साधनलाई ठुलै असर पार्न सक्ने भाइरस वा अन्य विध्वंसकारी प्रसारण मुक्त छन् भन्ने विषयको वारेन्टी वा प्रतिनिधित्व कुनै पनि बैंक वा सूचना प्रदायकले गर्दैनन् । कथमकदाचित कुनै पनि परिस्थितिले गर्दा, अप्रत्क्ष्य, विशेष, परिणामवश वा उदाहरणिय क्षतिहरुसहितको निर्वाद रुपमा भएका कुनै पनि प्रकारका् प्रयोग, आम्दानी, नाफा वा बचत सम्बन्धीत क्षतिको लागि बैंक वा कुनै पनि सूचना प्रदायक जिम्मेवार ठहर्ने छैनन् ।

28. The Customer shall be fully liable and responsible for all consequences arising from or in connection with use of the Services and/oraccess to any Information in the Internet Site or any other information as a result of such use by the Customer or any other person whether or not authorized. The Customer shall indemnify the Bank, any Information Provider and their respective officers and employees against all liabilities, claims, demand, losses, damages, costs, charges and expenses of any kind (including, without limitation, legal fees on a full indemnity basis) which may be incurred by any of them and all actions or proceedings which may be brought by or against any of them in connection with the provision of the Services, Information / Reports in the Internet site except in the cases of willful default of the Bank.

ग्राहकले वा अन्य कुनै अनाधिकृत वा अधिकार प्राप्त व्यक्ति द्वारा सेवा प्रयोग गरे पश्चात आउन सक्ने परिणामहरु वा सेवा प्रयोग सम्बन्धीत परिमाणहरुको लागि सम्पूर्ण जिम्मेवारी ग्राहकले लिनेपर्नेछ । यस अर्न्तगत, ईन्टरनेट साइटमा रहेको सूचना वा अन्य सूचनाहरुको पहुच रप्रयोग भए पश्चातका परिणामहरु पनि पर्दछन् । बैंक स्वयं गलत रहेको अवस्थामा बाहेक इन्टरनेट साईटमा राखिएको सेवा सुचना/प्रतिवेदनका प्रावधानहरुले वा यी प्रावधानहरु संग सम्बन्धीत विषयले गर्दा भइपरी आउन सक्ने सबै कार्य वा प्रक्रियाहरुका लागि ग्राहकले बैंक, सूचना प्रदायक र तिनका अधिकृत र कर्मचारीहरु विरुद्ध कुनै पनि प्रकारका वैधानिकता, दावी, माग, घाटा, क्षति, मूल्य, शुल्क र खर्चहरु (सहित, र निर्वाध रुपमा, हरजाना सम्बन्धी लागु हुने वैधानिक शुल्कहरु) आदि बाट मुक्त राख्नपर्नेछ ।

29. The Bank may, at any time, without giving notice or reason suspend or terminate all or any of the Services or their use by the Customer.

बैंकले कुने पनि समय पूर्व सूचना वा कुनै पनि कारण नखुलाईकन ग्राहकले प्रयोग गर्ने सबै वा कुनै सेवाहरुलाई स्थगित वा बन्द गर्न सक्दछ ।

30. The Customer may terminate the use of the Services at any time by giving to the Bank prior written notice of a reasonable period.

कुनै पनि समयमा सेवालाई बन्द गर्नको लागि ग्राहकले बैंकलाई उचित समय अवधि दिदै पूर्व लिखित सूचना दिनुपर्नेछ ।

31. The Services shall cease to be valid and the Bank shall be entitled to the immediate restriction of the User in the event of:

निम्न उल्लिखित अवस्थामा सेवा अमान्य हुन जानेछ र बैंकले प्रयोगकर्तालाई यी सेवाको प्रयोग गर्न बाट तत्काल प्रतिबन्ध लगाउनेछ:

i. Closure of Designated Account(s);

   प्रयोगकर्ताद्वारा संचालित खाता/हरु बन्द गरिएको अवस्थामा

ii. Death of a User – provided it comes to the knowledge of bank or notified.;

   प्रयोगकर्ताको मृत्यु भएमा वा बैंकको जानकारीमा आएको खण्डमा वा बैंकलाई सुचित गरिएको अवस्थामा

iii. The User(s) authority to operate the Designated Account is terminated, which is advised to the bank.;

   प्रयोगकर्ता/हरुको खाता संचालन गर्ने अधिकारलाई प्रसतिबन्धित गरेको सम्बन्धी बैंकलाई सुचित गरिएको

iv. Customer / user is blacklisted and / or defaults on a loan or other similar obligation.

   ग्राहक/प्रयोगकर्तालाई कालो सुचिमा राखिएको र/वा कर्जा वा त्यस्तै प्रकारका दायित्वबाट पन्छिएको अवस्थामा

v. The Bank requests to stop the use Internet Banking Facilities.

   बैंकले इन्टरनेट सुविधाहरु प्रयोग बन्द गर्न अनुरोध गरेको स्थितिमा

vi. Customer / user fails to maintain the minimum balance as stipulated from time to time.

   ग्राहक/प्रयोगकर्तालि बैंकले तोकेको न्यूनतम मौज्दात राख्न असफल भएमा

32. The Bank may revise these Terms and Conditions and/or introduce additional terms and conditions at any time and from time to time with or without notice to the customer and shall be binding on the Customer if the Customer continues to maintain or use the Services on or after the effective date of variation.

    यी शर्त र अवस्थाहरुलाई बैंकले पुन:लेखन गर्न सक्नेछ र/वा समय समयमा अन्य थप शर्त र अवस्थाहरुलाई प्रचलनमा ल्याउन सक्नेछ । उक्त कार्य गर्दा बैंकले ग्राहकलाई पूर्व सूचना गर्न/नगर्न सक्छ । यस्ता शर्त र अवस्थाहरु प्रभावकारी कार्यान्वयन भएको मितिबाट वा मिति पश्चात ग्राहकले सेवालाई यथावत वा सुचारु गरिराखेमा यी शर्त र अवस्थाहरु ग्राहकको लागि बाध्यताकारी हुनेछन् ।

33. Communications delivered personally, sent by post, facsimile transmission, telex or email shall be deemed to have been received by the Customer (where delivered personally) at the time of personal delivery or on leaving it at the address last notified in writing by the Customer to the Bank. Communications sent by the Customer to the Bank shall be treated as delivered to the Bank on the day of actual receipt.

    ग्राहक स्वयंलाई दिइएको वा ग्राहक द्वारा बैंकलाई पछिल्लो समयमा दिइएको लिखित ठेगानामा हुलाक, फ्याक्स, टेलेक्स वा ईमेलबाट गरिएको पत्राचारलाई ग्राहकले प्राप्त गरेको ठहरिन्छ । ग्राहक द्वारा पठाइएको लिखित सूचनालाई बैंकले प्राप्त गरेको मितिलाई वास्तविक प्रषित मिति ठहराइनेछ ।

34. Each of the provisions of these Terms and Conditions is severable and distinct from the others and, if at any time one or more of such provisions is or becomes illegal, invalid or unenforceable in any respect under the laws of any jurisdiction, the legality, validity or enforceability of the remaining provisions shall not be affected in any way.

    यी शर्त र अवस्थाहरुमा उल्लिखित प्रत्येक प्रावधानहरु हटाउनसकिनेछ र यि एक अर्काबाट भिन्न छन्, र यदि कुनै समयमा यस्ता एक वा एक भन्दा बढी प्रावधानहरु कुनै पनि न्यायपालिका अर्न्तगत गैरकानूनी, अमान्य वा बाध्यकारी नभएमा वा हुन गएमा प्रचलनमा रहने अन्य प्रावधानहरुको वैधानिकता, मान्यता वा बाध्यकारिता कुनै पनि प्रकारबाट प्रभावित रहनेछैनन् ।

35. All the Customers shall be bound by these Terms and Conditions and be jointly and severally liable for all the transactions and dealings effected by using the Services.

    यी शर्त र अवस्थाहरु सबै ग्राहकहरुलाई संयुक्त रुपमास बाध्यात्मक हुन्छन र सेवाको प्रयोग मार्फत गरिएका सबै कारोबार र लेनदेनहरुका लागि जिम्मेवार हुनेछन् ।

36. Unless the context otherwise requires, ‘person’ includes an individual, firm, company, corporation and an unincorporated body of persons.

    परिस्थितिजन्य आवश्यकता ठहर नभएसम्म, व्यक्ति भन्नाले व्यक्ति, व्यवसाय, कम्पनी, कर्पोरेशन र व्यक्तिहरुको असम्मिलित स्वरुपलाई जनाउनेछ ।

37. These Terms & Conditions will stand amended if law, government regulations or instructions issued regulatory bodies, necessitate such amendments.

    कानून, सरकारी नियमनले वा निर्देशन जारी गर्ने नियमनकारी निकायहरुले यी शर्त र अवस्थाहरुलाई परिवर्तन गर्न आवश्यकता देखाएमा यस्ता शर्त र अवस्थाहरुलाई परिवर्तन गरिनेछ ।

38. The Services and these Terms and Conditions shall be governed by and construed in accordance with the laws of Nepal and the Bank and the Customer submits to the non-exclusive jurisdiction of the Courts of Nepal.

    सेवा र यस्ता शर्त र अवस्थाहरुलाई नेपालको कानून सम्मत बनाइएको छ र नेपालको कानूनले नियमन गर्नेछ र बैंक र ग्राहकले नेपालको न्यायपालिका अन्तगर्तका nonexclusive अदालतहरु समक्ष प्रस्तुत हुनुपर्नेछ ।

39. Internet Banking Access: The user would be allotted an Internet Banking user-id and a set of secret passwords by Bank in the first instance. The user will be required to change the password assigned by Bank on accessing Internet Banking for the first time. As a safety measure, the user shall change the password as frequently thereafter as possible. The User unconditionally undertakes to have the user-id and passwords (login, transaction and OTP) kept confidential; and to not let any unauthorized person have access to the internet while the User is accessing the Internet Banking.

    The user grants express authority to Bank for carrying out transactions and instructions authenticated by such password.

    If the User forgets the user-id or the same gets disabled after a number of incorrect password attempts, upto such number as may be defined by Bank from time to time, then the user may request for the re- issue of his/her password, OTP. OTP functionality can be revived on receiving the request from registered email address and customer needs to collect password by visiting the branch.

    इन्टरनेट बैंकिंगको सेवा प्रयोग शुरु गर्ने बेलामा बैंकले ग्राहकलाई इन्टरनेट बैंकिंग युजरनेम (User Name) र पासवर्डहरु (Passwords) प्रदान गर्नेछ । पहिलो प्रयोगमा ग्राहकले बैंकबाट प्राप्त गरेको आफ्नो पासवर्डहरु अनिवार्य रुपमा परिवर्तन गर्नु पर्नेछ । आफ्नो खाताको सुरक्षाका लागी ग्राहकले आफ्नो पासवर्ड मनासिव समयमा परिवर्तन गरिरहनु पर्दछ र अनाधिकृत व्यक्तिले थाहा नपाउने गरि गोप्य राख्नु पर्दछ । आफ्नो युजर नेम र पासवर्डको गोपनियता र सुरक्षाको जिम्मा ग्राहक, म/हामी मंजूर गर्दछौं ।

    ग्राहकलाई प्रदान गरिएको गोप्य पासवर्डहरुको प्रयोगले इन्टरनेट बैंकिंग मार्फत बैंकलाई आदेश दिइएको कुनै पनि कारोबार कार्यान्वयन गर्नकालागी ग्राहकले बैंकलाई पूर्ण अनुमति दिएको मानिने छ ।

    आफ्नो युजरनेम वा पासवर्ड बिर्सिएको खण्डमा, वा गलत पासवर्ड धेरै पटक प्रयास गरेको कारणबाट बैंकले इन्टरनेट बैंकिंगको सेवा निश्कृय गरिदिएको अवस्थामा, ग्राहकले पुन: सेवा सुचारु गर्नकालागी बैंकलाई लिखित निवेदन दिनु पर्ने छ । वान टाइम पासवर्ड (One Time Password) कालागि तोकिएको इमेल मार्फत अनुरोध पठाउन सकिनेछ भने पासवर्डकोलागी बैंकमै उपस्थित भइ लिखित निवेदन दिनुपर्नेछ ।

40. One Time Password: The One Time Password (OTP) is a unique and time-sensitive password used as added security on Internet banking. The One Time Password (OTP) does not replace the password you use to carry out your transaction on the Internet banking but provides a second layer of security. The One Time Password (OTP) will be sent to you by SMS/ email and is valid for five minute for one transaction only. The One Time Password (OTP) is used for but not limited to functions as: fund transfer, bill payment, password change etc.

    I/we confirm that the provided mobile number and email address are correct and to be used by the Bank to send OTP (One Time Password) to make financial/non- financial transaction over the Internet Banking of Laxmi bank. I/we request the bank to honor the request made through the above mentioned email and I/We shall be responsible for any financial or non-financial loss on account of misuse of information sent on mentioned email address and/or mobile number.

    By opting to receive OTP through email I/we understand and agree to the risk associated with transferring information through email.

    वान टाइम पासवर्ड (One Time Password वा OTP) भन्नाले इन्टरनेट बैंकिंगलाई थप सुरक्षीत बनाउन प्रयोग गरिने प्रक्रिया मध्ये एक हो जसले एक पटक अनि ५ मिनेटको अन्तरालमा मात्रै प्रयोग गर्न सकिने पासवर्ड हो । यसले तपाईाको गोप्य पासवर्डहरुको स्थान नलिइ, थप सुरक्षाको प्रत्याभूती दिनेछ । यो OTP तपाईलाई आफै रोज्नुभएको मोबाइल नंबर अथवा इमेल मार्फत बैंकले पठाउने छ । यो इन्टरनेट बैंकिंग मार्फत कुनै पनि वित्तिय कारोबार गर्दा प्रयोग गर्न सकिन्छ ।

    म/हामीले अगाडीको पानामा दर्खास्त दिइएको मोबाइल नं. र इमेल ठेगाना सहि भएको र यी माध्यमबाट OTP को प्रयोग गरि इन्टरनेट बैंकिंग मार्फत वित्तिय कारोबार गर्न मंजूर छ/गर्दछौं । म/हामी अगाडीको पानामा दिइएको मोबाइल नं. वा इमेल ठेगाना मार्फत पठाइएको अनुरोधलाई बैंकले कार्यान्वयन गरि दिनु हुन अनुरोध गर्दछु/ छौं । यदि यी माध्यम वा यी माध्यममा रहेका जानकारीको गलत प्रयोगले कुनै वित्तिय वा गैर वित्तिय हानि नोक्सानी हुन गएमा त्यस्ता सम्पुर्ण नोक्सानी व्यहोरी बैंकलाई जिम्मेवार नठहराउन मंजूर गर्दछौं ।

    इमेल मार्फत इत्ए लिएर प्रयोग गर्दा परि आउन सक्ने जोखिमहरुको बारेमा म/हामीलाई पूर्ण जानकारी छ र यो साग सम्बंधित जोखिमहरु म/हामीलाई मन्जुर छ ।

41. Transaction Amount: Fund transfer facility provided shall be as per the limit/ rules set by bank from time to time. Bank shall restrict the fund transfer activity to specific amount and/or number of counts on daily, weekly, monthly and yearly basis etc.

    कारोबारको राशि ,सिमा रकमान्तरको सेवा सुविधा संग संबन्धित सीमाहरु बैकले निर्देशित गरे बमोजिम हुनेछन् र यी शर्त/सीमाहरु बैंकले समय समयमा परिवर्तन गर्न वा साप्ताहिक/मासिक र बार्षिकको अनुपात कायम गर्न सक्नेछ ।

(Authorized Signature)
(आधिकारिक दस्तखत)

(Authorized Signature)
(आधिकारिक दस्तखत)